# समाचार सन्देश

वर्ष १९, अङ्क ८ आई.पी.एस्. लेख रचनाको सँगालो, जेठ १८–असार १, २०६७ (जुन १–१५, २०१०)


## जबर्जस्ती राहदानी खोस्दा बहराइनमा आप्रवासीलाई समस्या

– सुआद हमादा

मनामा (आई.पी.एस्./एन्.पी.आई.) – अब्दुलखालिद मोहम्मद २० वर्ष अघि श्रमिकको रूपमा बहराइन आएका थिए । खनिज तेलको धनी राष्ट्र बहराइनमा पाइला टेक्नासाथ उनको पहिलो कार्य नै आफ्नो राहदानी रोजगारदातालाई हस्तान्तरण गर्नु थियो । ४३ वर्षे यी बंगलादेशीले आफ्नो जीवन तिनै कम्पनीका मालिकको नियन्त्रणमा रहेको अनुभव गरिरहेको आईपीएसलाई बताए ।

थप तलब नलिइ उनले कम्पनीका मालिकको परिवारको समेत हेरचाह गर्नु परिरहेको छ किनभने यसबाट उम्कने उनीसँग कुनै विकल्प छैन । यसको प्रतिवाद गरेमा घर फर्काइने वा काम गरेवापतको ज्याला नपाउने पीडादायी समस्याले उनलाई हरक्षण सताउने गरेको छ ।

"मालिकसँग मेरो कामदार-रोजगारदाताको जस्तो सम्बन्ध पनि छैन," उनले दु:खेसो गरे । बहराइनमा राहदानी (पासपोर्ट) हत्याउनु गैरकानुनी भए पनि यस्तो कार्य नियमितरूपमा भइरहेको छ । न्यूयोर्कस्थित मानव अधिकार वाच (एचआरडब्लु) ले नोभेम्बर २००९ मा प्रकाशन गरेको प्रतिवेदनमा खाडी क्षेत्रमै धनी राष्ट्रको श्रेणीमा रहेको बहराइनमा राहदानी हत्याएर श्रमिकमाथि शोषण हुने क्रम यथावत रहेको जनाइएको छ ।

आप्रवासी कामदारलाई जवाफदेही बनाउने नाममा ज्याला र राहदानी कब्जा गर्ने रोजगारदातालाई बहराइनको श्रम मन्त्रालयले कारबाही गर्नुपर्दछ, एचआर डब्लुले प्रतिवेदनमा भनेको छ । यी दुबै किसिमका व्यवहार बहराइनको कानुन मुताबिक गैरकानुनी हो तर प्रतिवेदनमा सरकारी अधिकारीहरूले यो कानुन कार्यान्वयनमा ज्यादै कम ध्यान पुर्‍याएका छन् ।

एचआरडब्लुले बहराइनी श्रम मन्त्रालयमा अक्टोबर २००९ मा भारतीय नागरिक मोहम्मद नासिरले चार महिनाको तलब नपाएको र राहदानी कब्जा गरेको भन्दै आफ्ना रोजगारदाताका विरुद्धमा दायर गरेको मुद्दाको विषयलाई उठाएको छ । यी कागजातको अभावमा उनी आफ्नो देश भारत फर्कन समेत पाएका छैनन् । मन्त्रा( लयले उनको राहदानी रोजगारदाताबाट फिर्ता लिएको छ तर भुक्तान नभएको तलब दिलाउन पहल गरिएको छैन ।

"अन्तर्राष्ट्रिय मानव अधिकार कानुनले हरेक व्यक्तिलाई कुनै पनि मुलुकभित्र स वतन्त्र रूपमा घुमफिर गर्न, कुनै मुलुक छाड्न वा आफ्नो मुलुकमा फिर्ता हुन


### अनुरोध

**'समाचार सन्देश' का सामग्री पुन: प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

पाउने अधिकार प्रत्याभूत गरेको छ," एचआरडब्लुले भनेको छ। जनवरीमा प्रकाशित यसको पछिल्लो प्रतिवेदनमा समेत एचआर डब्लुले आप्रवासी कामदारप्रति हुने दुर्व्यवहारका निम्ति अन्य खाडी राष्ट्रझैं पुन: एकपटक निन्दा गरेको छ।

बहराइनको श्रमबजार नियामक निकायको तथ्याङ्क अनुसार यस मुलुकमा मार्चको अन्त्यसम्म कुल ५३९,६६० श्रमशक्ति रहेको छ। यीमध्ये करिब २३ प्रतिशत अर्थात् १३८,३५६ बहराइनी छन् र अन्य सबै आप्रवासी कामदार हुन्। श्रम मन्त्रालयका उपसचिव जमिल हमादानले रोजगारदाताले राहदानी कब्जा गर्नेसमेतका गैरकानुनी श्रम अभ्यास बहराइनमा अझै कायम रहेको आईपीएस समक्ष स्वीकार गरेका छन्। "हामी बहराइनमा यस्तो भएको छैन भन्ने अवस्थामा छैनौं तर कानुन उल्लङ्घनकर्ताहरू केही मुठीभरका छन् र यसले समग्र श्रमबजारको प्रतिनिधित्व गर्न सक्दैन," उनले बताए।

उनले बहराइन श्रमसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि र अन्तर्राष्ट्रिय श्रम संगठनको सिद्धान्तप्रति पूर्ण प्रतिबद्ध रहेको बताए। यी अभिसन्धि र सिद्धान्तमा गैरकानुनी अभ्यास समेत आप्रवासी कामदारको राहदानी कब्जा गर्न नपाइने उल्लेख छ। एचआरडब्लुले अगष्ट २००९ मा बहराइनले काफला (वारिस) पद्धतिलाई स्वीकृति जनाएको उल्लेख गरेको छ। यस प्रावधानले आप्रवासी कामदारको राहदानी र आप्रवासी हैसियत रोजगारदातामा निहीत हुने स्थिति रहेको छ। संशोधित कानुन अन्तर्गत सरकारले प्रत्येक कामदारलाई आधिकारिक रूपमा वारिस बनाउँछ र यसबाट कमदारले आफ्ना रोजगारदाता सहजरूपमा परिवर्तन गर्न उन्मुक्ती प्रदान गर्दछ। "तर यो प्रावधान पूर्णरूपमा कार्यान्वयन भए नभएको स्पष्ट हुन सकेको छैन," एचआरडब्लुको सन् २०१० जनवरीमा प्रकाशित प्रतिवेदनमा भनिएको छ।

कामको स्थितिमा आधारभूत सिद्धान्त र अधिकारसम्बन्धी आइएलओ घोषणाले आप्रवासी कामदारको स्वतन्त्ररूपमा घुमफिर गर्ने र काम त्याग्ने अधिकार स्थापित गरेको छ। यसमा भनिएको छ, "कुनै वैधानिक कारण नभइ यी अधिकारलाई कुण्ठित गर्न पाइने छैन। आप्रवासी कामदारले आफ्नो कार्य पूरा गर्नुपर्छ भन्ने सुनिश्चित गर्न राहदानी खोस्नु राज्यको अभिप्राय हुने छैन।"

"कुनै श्रमिकले राहदानी सुरक्षित ढङ्गबाट राख्न रोजगारदातालाई अनुरोध गरेको अवस्थालाई हामीले स्वीकार गर्न सकिन्छ। कुनै कामदारले कारण नखुलाई पनि त्यस्तो राहदानी मागेमा रोजगारदाताले तत्कालै फिर्ता गर्नुपर्दछ," हमादानले भने। तथापि, किन केही आप्रवासी कामदारले सुरक्षित ढङ्गबाट राहदानी राख्न रोजगारदातालाई नै दिन्छन् भनी उनले स्पष्ट गर्न चाहेनन्।

"कानुन अन्तर्गत आप्रवासी वा स्थानीय श्रमिकले प्राप्त गरेका अधिकार शोषण भएको पाइएमा श्रम मन्त्रालय र गृहमन्त्रालय मार्फत् बहराइन सरकारले कुनैपनि अवस्थामा यसलाई स्वीकार गर्न सक्दैन," हमादानले बताए। भारतीय दूतावासले पनि स्थानीय र आप्रवासी कामदारको अधिकार रक्षाका निम्ति बहराइन सरकारले काम गरेकोमा प्रशंसा व्यक्त गरेको छ। "बहराइन सरकारको राम्रो श्रम वातावरण तयार गर्ने समर्पणको हामी कदर गर्दछौं," भारतीय दूतावासका प्रथम सचिव अजय कुमारले आईपीएसलाई बताए। "बहराइन सरकारका अधिकारीले आप्रवासी कामदारले दायर गरेका खासखास उजुरी ग्रहण गरी कारबाही गरिरहेको छ।"

यसैगरी, पाकिस्तानी दूतावासले पनि आप्रवासी कामदारले भोग्नु परेका विभिन्न विषयलाई सम्बोधन गर्न बहराइनले चासो देखाएको जनाएको छ। बहराइनमा करिब ३०,००० पाकिस्तानी कामदार रहेको अनुमान गरिएको छ। "कामदारको अधिकारका सम्बन्धमा हामीले पहिल्यै सूचित गरेको अवस्थामा कुनै पनि कम्पनीले आप्रवासी कामदारलाई ठग्ने गुञ्जायस हुँदैन। तथापि, हाम्रा नागरिकलाई सम्मानजनक र मानव अधिकार सिद्धान्तप्रति प्रतिबद्ध रहेर व्यवहार हुने हामीले प्रत्याभूति गरिरहेका छौं," पाकिस्तानी दूतावासका प्रथम सचिव मोहम्मद सलीमले आईपीएसलाई बताए।

यी आश्वासन पाए पनि मानव अधिकारकर्मी एवम् बहराइन ट्रान्स्परेन्सी सोसाइटीका अध्यक्ष अब्दुलनवी अल एक्री सरकार र विदेशी मुलुकका दूतावासले दाबी गरेको भन्दा आप्रवासीको अवस्था धेरै नै नाजुक रहेको बताउँछन्। व्यवस्थापकीय तहमा रहेका विदेशीले समेत आफ्ना राहदानी राख्न किन पाउँदैनन्, उनले भने, "ती व्यवस्थापकहरू भाग्यमानी हुन् जसले थोरै तलब र खराब कार्यस्थलमा रहेका कामदारको तुलनामा आफ्नो राहदानी सहज तरिकाबाट फिर्ता पाउँछन्।"

धेरैजसो यी कामदारलाई बहराइनमा राहदानी खोस्नु गैरकानुनी हो भन्ने समेत थाहा नभएको उनले बताए।

# हरित क्रान्तिको उपलब्धी गुम्न थालेकोमा सर्वत्र चिन्ता

– मारवान माकन-मार्कर

बैंकक (**आई.पी.एस्. / एन्.पी.आई.**) – एसियाको धानबालीमा व्यापक सुधार गर्ने र लाखौं भोकपीडित मानिसको समस्या समाधान गर्ने भन्दै प्रशंसा गरिएको हरित क्रान्ति चार दशकपछि आफ्नै सीमिततामा फँसेको छ र यसले बढ्दो मागलाई पूरा गर्ने अवस्थामा देखिएको छैन ।

राष्ट्रसङ्घका खाद्य विज्ञहरूले सन् २००९ मा प्रकाशन गरेको यस क्षेत्रको भोकको तथ्याङ्कले यस तथ्यलाई पुष्टि गरेको छ । गत वर्ष मानिसको संख्या र भोकको अवस्थाबीचको अनुपात असन्तुलित भएको र एसिया-प्रशान्त क्षेत्रमा १७ देखि १८ प्रतिशत मानिस भोकको सिकार भएको देखिएको थियो । सन् २००६ मा यो १६ प्रतिशत थियो ।

हरित क्रान्ति नकारात्मक दिशातर्फ उन्मुख हुनासाथ भोकको सिकार भएका मानिसको संख्या यो पहिलोपटक बढेको हो । खाद्य तथा कृषि संगठन (एफएओ) ले यसै साता अन्न उत्पादनमा सन् १९६० को पछिल्लो दशकमा परिवर्तन आएको भन्दै सचेत गराएको छ किनभने यस अवधिमा धानको उत्पादन झण्डै तीनगुणाले वृद्धि भएको थियो ।

कृषि उत्पादन बढाउन र विश्वको बढ्दो जनसंख्यालाई खुवाउनका निम्ति सन् १९६० को अन्तिम दशकमा आरम्भ भएको हरित क्रान्तिले धानको नयाँ जात विकसित गरी अत्यधिक उत्पादन बढाउन सफल भएको थियो । एफएओका क्षेत्रीय प्रमुख हिरोयुकी कोनुमाका अनुसार हरित क्रान्तिको फलस्वरूप धानको उत्पादनमा विगत ४० वर्षको अवधिमा ३०० प्रतिशत वृद्धि भएको र खाद्यान्नको मूल्यमा समेत झण्डै ४० प्रतिशतले कमी आएको छ । यसैका कारण सन् १९७० मा रहेको ३४ प्रतिशतको भोकको अनुपातलाई सन् २००६ सम्ममा १६ प्रतिशतमा झार्न सकिएको उनले बताए ।

हरित क्रान्तिको त्यस उपलब्धीमा अहिले प्रश्न उब्जेको छ। सार्वजनिक र निजी क्षेत्रका लगानीकर्तालाई भोकको अति पीडा अनुभव गरिरहेका बालबालिकालाई खुवाउन उद्धार कार्य आरम्भ गर्न एफएओले विशेष महत्वका साथ आग्रह गरिरहेको छ । एफएओका

अनुसार हरेक दिन १४,००० बालबालिकाको भोकका कारण मृत्यु भइरहेको र हरेक वर्ष ५० लाख बालबालिकाको मृत्यु हुने गरेको छ, एफएओले भनेको छ । मृत्यु हुने बालबालिकामध्ये अधिकांश एसियाका रहेका छन् ।

"यो त स्वीकार गर्नै नसकिने कुरा हो," यस क्षेत्रमा बढ्दै जान थालेको खाद्य संकटका सम्बन्धमा जानकारी गराउन बैंककमा आयोजित पत्रकार सम्मेलनमा कोनुमाले बताए । "विश्वका झण्डै १ अर्ब २० करोड भोका मानिसमध्ये यस क्षेत्रमा ६४ करोड २० लाख बसोबास गरिरहेका छन्," उनले थपे । उनले हरित क्रान्तिपछि पहिलोपटक खाद्य सुरक्षा र कृषिलाई विश्वव्यापी विकासका क्रममा उच्च प्राथमिकता दिनुपर्ने समय आएको बताए ।

बालबालिकाको मृत्यु भोकमरीभन्दा भोकका कारण उत्पन्न हुने कुपोषणका कारण बढी हुने गरेको छ । "एसियाका बाल बालिकाले सही ढङ्गको सुक्ष्म पोषक प्राप्त गर्न सकिरहेका छैनन्, उनीहरूका खानामा पर्याप्त भिटामिन र खनिजको अभाव हुने गरेको छ," राष्ट्रसङ्घीय बालकोषको एसिया-प्रशान्त क्षेत्रका क्षेत्रीय पोषण सल्लाहकार फ्रान्स बेगिनले बताइन् । "एसियाली बालबालिका भोकको डर लाग्दो अवस्थाका कारण मरिर हेका छन् किनभने उनीहरूको शरीरको प्रतिरोधक क्षमता नै कमजोर हुने गर्दछ," उनले आईपीएसलाई बताइन् । "न्यूमोनिया र झाडाबान्ता दुईवटा मुख्य सत्रु हुन् ।"

यी पीडितलाई मद्दत गर्नका निम्ति एफएओले जुलाईको प्रारम्भमा यस क्षेत्रको कृषि क्षेत्रलाई बढावा दिन सार्वजनिक र निजी लगानी आकर्षित गर्ने उद्देश्यले मनिलामा ठूलै लगानी मञ्चको आयोजना गर्नेतर्फ अग्रसरता देखाएको छ । फिलिपिन्सको राजधानीमा आयोजना हुने एसिया र प्रशान्त क्षेत्रमा खाद्य सुरक्षाका निम्ति लगानी मञ्चको बैठकले क्षेत्रको खाद्य सुरक्षा सम्बद्ध सार्वजनिक र निजी क्षेत्रलाई आकर्षित गर्न पहल गर्ने विश्वास लिइएको छ ।

खाद्य तथा कृषि संगठन (एफएओ), एसियाली विकास बैंक र कृषि विकासका निम्ति अन्तर्राष्ट्रिय कोष (आइफाड) को संयुक्त पहलमा जुलाई ७-९ मा आयोजना हुने यस मञ्चले कठिनतम आर्थिक चुनौतिको सामना गर्नुपर्नेछ । विकासशील मुलुकमा कृषि क्षेत्रको लगानी विगत तीन दशकमा व्यापक गिरावट आएको छ ।

रोमस्थित आइफाडका अनुसार कृषिका निम्ति समुद्रपार विकास सहायता सन् १९७८ मा १८ प्रतिशत रहेकोमा सन् २००८ मा आइपुग्दा करिब ४ प्रतिशतमा पुगेको छ । "कुल लगानीको कृषिमा हुने लगानीको अनुपात सन् १९९० मा ८.५ प्रतिशत रहेकोमा त्यसबाट कमी आई सन् २००१ मा दुई प्रतिशतभन्दा कम रहेको छ," यसमा भनिएको छ । "एसियामा कृषि क्षेत्रमा लगानी कम हुनु यस क्षेत्रप्रतिको उपेक्षा नै हो ।"

यथार्थमा, राष्ट्रसङ्घीय यस खाद्य निकायका अनुसार विकासशील मुलुकले सन् २०५० सम्ममा देखापर्ने खाद्य समस्यालाई सम्बोधन गर्न प्राथमिक कृषि क्षेत्रमा २०९ अर्ब अमेरिकी डलर वार्षिक लगानी गर्नुपर्दछ । यो लगानीमध्ये विकासशील मुलुकको हिस्सा ९० प्रतिशत हुनु आवश्यक छ ।

एफएओका अनुसार एसिया प्रशान्त क्षेत्रमा विकासशील मुलुकमा कृषिभूमि सन् १९९७-२००७ को अवधिमा ४९ करोड ५० लाख हेक्टरबाट ५१ करोड ९० लाख मात्र वृद्धि भएको छ । यो वृद्धि कूल कृषिभूमिको क्रमश: १९.४ र २०.४ प्रतिशत मात्र हो ।

धानखेतीका अलावा खाद्यान्नको लागतका कारण पनि खाद्य असुरक्षाले लाखौं व्यक्तिलाई प्रभावित गरेको छ, अप्रिल-जुन २०१० मा प्रकाशित "डेभलपमेन्ट एसिया" पत्रिकामा एडिबीले भनेको छ । कम्बोडियामा परिवारको आयको झण्डै ७१ प्रतिशत खाद्यान्नमा खर्च हुने गरेको छ, पत्रिकाले एसियाको खाद्य सुरक्षाको सर्वेक्षणलाई उल्लेख गर्दै बताएको छ ।

यससँगै दक्षिण पूर्वी एसियाली राष्ट्रहरू ताजिकिस्तान र बर्मामा परिवारको आम्दानीमध्ये खाद्यान्नमा ७० प्रतिशत, जर्जियामा ६४ प्रतिशत र नेपालमा ५९ प्रतिशत खर्च हुने गरेको छ । एसियामा रहेको खाद्यान्न असुरक्षाका पीडितमध्ये खाद्यान्न उत्पादन गर्ने अधिकाँश ग्रामीण क्षेत्रमा बसोबास गर्नेहरू रहेका छन् । "साना कृषकहरू नै बजारबाट खाद्यान्न लिने खरिदकर्ता हुन्," एफएओका कोनुमाले बताए । "उनीहरूले उत्पादन गर्ने धान अन्य खाद्यान्न खरिद गर्न बेचिने गरेको पाइन्छ ।"

# भोपाल ग्यास दुर्घटनाका पीडित २५ वर्षदेखि न्यायको खोजीमा

– सुजोय धर

भोपाल, भारत (**आई.पी.एस्./एन्.पी.आई.**) – हजारौंको मृत्यु र करिब पाँचलाख मानिस घाइते हुनेगरी अमेरिकी बहुराष्ट्रिय कम्पनीको कारखानाबाट यस प्राचीन भारतीय सहर भोपालमा भएको औद्योगिक ग्यास चुहावटको पच्चीस वर्षपछि पनि पीडितहरूले न्यायका निम्ति आवाज उठाइरहेका छन् ।

भोपालस्थित एउटा अदालतले युनियन कार्बाइड करपोरेसन (युसिसी) का आठजना उच्च अधिकारीमाथि जनही दुईवर्षको जेल सजायको फैसला सुनाएको छ । दोषी ठहर गरिएकामध्ये एकजनाको पहिल्यै मृत्यु भइसकेको छ । युसिसीको कारखानाबाट फैलिएको ग्यासका कारण २५ हजारको मृत्यु भएको र धेरैजना अङ्गभङ्ग भएका थिए । दोषी ठहर गरिएकाहरूमा दुर्घटनाका बखत युनियन कार्बाइड इन्डिया लिमिटिड (युसिआइएल) का अध्यक्ष रहेका केशव महिन्द्रा पनि छन् ।

"हामी अपराधीलाई फाँसीको सजाय होस् भन्ने चाहन्छौ," मध्यप्रदेशको राजधानी सहरको सडकमा एकजना पीडित महिलाले आक्रोस पोख्दै भनिन् । "अहिले पनि हजारौं बालबच्चाहरू अङ्गभङ्ग भएर जन्मिरहेका छन् र यसलाई तपाईं न्याय भन्न सक्नुहुन्छ ?"

हाल जीवितै रहेका सातैजना आरोपीलाई दुईवर्षको सजाय दिइएको र हरेकलाई १००,००० भारतीय रूपैयाँ (२,१२३ अमेरिकी डलर) जरिवाना तोकिएको छ । युसिआइएलमाथि ५००,००० भारतीय रूपैयाँ (१०,६१५ अमेरिकी डलर) सजाय तोकिएको छ । युसिआइएलका आरोपित अधिकारीलाई अदालतको फैसला लगत्तै जमानतमा रिहा गरिएको थियो ।

"यो फैसलाले भारतीय न्यायिक प्रणालीकै धज्जी उडाएको छ । यो त न्याय नै भएन । यो फैसलाले बहुराष्ट्रिय कम्पनीहरूलाई भारतमा आउने, प्रदूषण गर्ने, हत्या गर्ने र कुनै सजाय बेगर भारत छोड्न पाउने छुट छ भन्ने सन्देश दिन्छ," भोपाल नागरिक समूहका अधिकारकर्मी रचना ढिङ्ग्राले बताइन् । यो संस्था भोपाल ग्यास दुर्घटनाका पीडितको अधिकारका निम्ति कार्यरत छ ।

यो फैसलामा हाल फरार रहेका युसिसीका पूर्वअध्यक्ष वारेन एन्डरसनका सम्बन्धमा केही भनिएको छैन । उनी हाल अमेरिकामा लुकेर बसेको विश्वास गरिएको छ । केही वर्षअघि एकपटक भारतमा

पक्राउ गरिए पनि उनी जमानतमा रिहा भएका थिए । एन्डरसनलाई दोषी ठहराइएको थियो र उनीमाथि मानवहत्याको अभियोग लगाइएको थियो । पछि उनलाई यस मुद्दाका फरार अभियुक्त मानिएको थियो ।

"भारतका प्रधानमन्त्रीले आग्रह गरी अमेरिकाबाट वारेन एन्डरसनलाई भारतमा सुपुर्दगी गराउनुपर्दछ," पीडितका निम्ति सहयोग गरिरहेकी वकिल साधना पाठकले भनिन् । "हामी अन्त्यसम्म सङ्घर्ष गर्नेछौं किनभने यो कुनै सजाय नै भएन," अधिकारकर्मी एवम् पीडित रसिदा बीले भनिन् । "यस फैसलाबाट भारतको न्यायिक प्रणाली छिद्रयुक्त र कमजोर रहेको प्रमाणित हुन्छ । यसले हाम्रो सरकार, हाम्रा प्रधानमन्त्रीले पीडितका निम्ति केही गर्न नसकेको प्रमाणित हुन्छ र विश्वले यसलाई नियालीरहेको छ ।"

डिसेम्बर २, १९८४ को रात भोपालका बासिन्दाहरू विश्वकै सबैभन्दा दुर्दान्त औद्योगिक दुर्घटनाको शिकार भएका थिए । यस दुर्घटनाका कारण युसिआइएलको स्वामित्वमा रहेको भण्डारबाट ४० टन डरलाग्दो विषालु मिथाइल आइसोसियानेट नामको रसायन चुहिएर हावामा फैलिएको थियो ।

परिणामस्वरूप यो घातक ग्यासले हजारौं मानिसको ज्यान लिनुका साथै कम्तीमा ५००,००० मानिसलाई नराम्रोसँग प्रभावित गरेको थियो । उज्यालो नहुँदै कम्तीमा ३,००० मानवका मृत शरीर भोपालमा सडकमा बिछ्याइएका थिए । त्यसपछिका दिनमा समेत अन्य कम्तीमा २०,००० देखि २५,००० मानिसले ग्यासको हानिकारक असरका कारण ज्यान गुमाएको विश्वास गरिएको छ । यद्यपि, सरकारी तथ्याङ्कमा करिब १५,००० को ज्यान गएको भनिएको छ ।

जीवित रहेका र उनीहरूका बालबालिकाले दिर्घकालीन स्वास्थ्य असर भोग्नु परिरहेको छ । उनीहरू क्षयरोग, जन्ममा बिकार, निको नहुने ज्वरो र क्यान्सरको शिकार भइरहेका छन् । भारतीय विज्ञान तथा पर्यावरण केन्द्रद्वारा गरिएको परीक्षणले कारखाना रहेको स्थानबाट तीन किलोमिटर वरपरको क्षेत्रको भूमिगत पानीमा भारतको मापदण्डको तुलनामा ४० प्रतिशत बढी कीटनाशक रहेको जनाएको छ ।

सन् २००१ फेब्रुअरीमा युसिसीलाई भोपाल दुर्घटना भएको १७ वर्षपछि डाऊ केमिकल कम्पनीले खरिद गरेको छ । यस कम्पनीले ग्यास चुहावटको कुनै जिम्मेवारी नलिने बताइसकेको छ । भोपाल ग्यास दुर्घटना सम्बन्धी सन् १९८७ बाट सुनुवाई आरम्भ भएको थियो । यसक्रममा भारतको सङ्घीय जाँच निकाय केन्द्रीय जाँच ब्यूरो (सिबिआइ) ले पछिल्लो फैसला आउनुअघि अनुसन्धान र बहसका क्रममा २३ वर्ष लगाएको थियो ।

सन् १९९६ मा भारतको सर्वोच्च अदालतले युसिआइलका भारतीय अधिकारीमाथि लगाइएको आरोपलाई कम गरेको थियो र यसो गर्नुको कारण दुर्घटनाको मुख्य दोषी अमेरिकी कम्पनी रहेको ठहर गरिएको थियो । ग्यास चुहावटबाट बाँचेकाहरूका तर्फबाट खोलिएका चारवटा संस्थाले दुर्घटनाका प्रमुख जिम्मेवारमाथि लगाइएको अभियोग भारत सरकारबाट भएको "आपराधिक लापरवाही" भन्दै दोषारोपण गरेका छन् ।

उनीहरूले मुद्दाको तहकीकात गर्ने निकायका साथै सिबिआइको प्रमुख भएको हैसियतले प्रधानमन्त्री समेत अक्षम रहेको बताएका छन् । "भोपाल ग्यास दुर्घटनाबाट मारिएका २५,००० भन्दा बढी मानिस र पाँचलाखभन्दा बढी व्यक्तिलाई घाइते बनाउन जिम्मेवार व्यक्तिमाथि उल्लेख्य कारवाही भएमा मात्र न्याय गरेको ठहरिनेछ," चारवटै संस्थाका प्रतिनिधिले बताए ।

"यो फैसला न्यायिक विपत्ति हो र यसले जोखिमयुक्त संस्थाहरूलाई मानिस मार्न प्रोत्साहित मात्र गर्नेछ," भोपाल ग्यास पीडितका निम्ति सङ्घर्षरत अधिकारकर्मी सतिनाथ सारङ्गीले बताए ।

# नेपालमा पाँचवर्षमुनीका बालबालिकाको मृत्युदरमा कमी, चुनौति कायमै

– भुवन शर्मा

काठमाडौं (**आई.पी.एस./एन्.पी.आई.**) – पाँचवर्षमुनीका बालबालिकाको मृत्युदरलाई दुईतिहाइले कमी ल्याउने गरी सन् १९९० लाई आधार वर्ष मानेर तय भएको सहस्राब्दी विकास लक्षको समयावधि समाप्त हुन अझै पाँचवर्ष बाँकी रहे पनि नेपाल परिवार स्वास्थ्य कार्यक्रम (एनएफएचपी) दोस्रोले गरेको मध्यकालीन सर्वेक्षणले त्यो लक्ष नेपालले हासिल गरिसकेको देखाएको छ ।

सहस्राब्दी विकास लक्ष्य गरिबी र त्यसका विविध पक्षलाई समेटेर तयार पारिएका आठवटा समयबद्ध लक्ष्यमा आधारित कार्यक्रम हो । संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्र र धेरैवटा अन्तर्राष्ट्रिय संस्थाहरूले यी लक्ष्यलाई कुनै पनि अवस्थामा सन् २०१५ सम्ममा प्राप्त गरिसक्नु पर्दछ । एनएफएचपीका अनुसार नेपालको पाँचवर्षमुनीका बालबालिकाको मृत्युदर प्रति एकलाख जीवित जन्ममा सन् १९९० मा रहेको १६२ बाट सन् २००९ मा ५० मा झरेको छ । सहस्राब्दी विकास लक्षले सन् २०१५ सम्ममा यसलाई ५४ भन्दा तल पुऱ्याउनुपर्ने लक्ष तोकेको थियो ।

अमेरिकी सहयोग नियोग (युएसएड) को सहयोगमा सञ्चालित एनएफएचपी दोस्रो चरणले परिवार नियोजन/साधन, नवजात र बालस्वास्थ्य योजनाका क्षेत्रमा सहयोग पुऱ्याउँछ । यो कार्यक्रम डिसेम्बर २००७ मा आरम्भ भएको र सन् २०१२ को सेप्टेम्बरसम्म सञ्चालन हुनेछ । एनएफएचपी पहिलो डिसेम्बर २००१ देखि नोभेम्बर २००७ सम्म सञ्चालित थियो ।

विश्वव्यापीरूपमा, बेलायती चिकित्सा जर्नल "द ल्यान्सेट" को अध्ययन अनुसार पाँच वर्षमुनीका बालबालिकाको मृत्युदर सन् २०१० सम्ममा ७७ लाखमा सीमित हुने अनुमान गरिएको छ । यो मृत्युदर सन् १९९० मा १ करोड १९ लाख रहेको थियो । नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण (एनडिएचएस) २००६ ले सन् २००५ मा पाँचवर्षमुनीका बालबालिकाको मृत्युदर ६१ मा झरेको देखाएको आधारमा सरकारले सन् २०१० को अन्त्यसम्ममा यो तथ्याङ्कमा सुधार आइ ४१ मा सीमित हुने जनाएको छ ।

तैपनि, यस्तो अनुमान तत्कालै हासिल हुनसक्ने देखिन्न, राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) का राष्ट्रिय एमडिजी अभियान तथा वकालत विशेषज्ञ सीमा रजौरिया बताउँछिन् । उनी विगत चार वर्षमा सञ्चालन हुनुपर्ने कतिपय कार्यक्रममा ढिलाइ भएका कारण समस्या आएको बताउँछिन् । तथापि, उनी आशावादी छिन् । एनपिएचपी दोस्रोको मध्यावधि सर्वेक्षणका सूचकलाई उद्धृत गर्दै उनले सकारात्मक दिशातर्फ उन्मुख भइरहेको बताइन् ।

यो सानो हिमाली राज्यमा सन् १९९६ देखि माओवादीले दशक लामो सशस्त्र हिंसात्मक युद्ध सञ्चालन गरेयता राजनीतिक अस्थिरताले जरो गाडेको छ । यस युद्धमा करिब १६,००० ले ज्यान गुमाएका थिए । माओवादीले सन् २००६ मा मूलधारको राजनीतिमा प्रवेश गरेपछि यहाँ नाटकीय परिवर्तन देखा परेका छन् । यो मुलुक संवैधानिक राजतन्त्रबाट गणतन्त्रमा रूपान्तरित भएको छ ।

जनसंख्या तथा स्वास्थ्य मन्त्रालय, बालस्वास्थ्य महाशाखा अन्तर्गतको पोषण शाखाका प्रमुख राजकुमार पोखरेल युएनडिपीका रजौरियासँग भिन्न मत राख्छन्: "माओवादी र

सरकारले सन् २००६ मा शान्ति सम्झौतामा हस्ताक्षर गरेका भए पनि त्यसयता धेरैवटा राजनीतिक उतारचढाव देखिएका छन् तर पनि बालमृत्यु कम गर्नेतर्फ लक्षित कार्यक्रममा कुनै असर पारेको छैन ।"

यसैबीच, एनएफएचपी दोस्रोको मध्यकालीन सर्वेक्षणले शिसुमृत्यु दर (आइएमआर) प्रति १,००० जीवित जन्ममा सन् २००९ मा ४१ मा झरेको देखाएको छ जबकी सन् १९९० मा यो दर १०८ थियो तर सहस्राब्दी विकास लक्षले तोकेको ३४ भन्दा यो बढी नै छ । सन् २०१५ को समयसीमा समाप्त हुन पाँचवर्ष अझै बाँकी रहेको अवस्थामा "नेपालले आइएमआर सम्बन्धी एमडिजी लक्ष हासिल गर्न सक्षम हुनेछ," राष्ट्रिय योजना आयोगले तयार पारेको नेपालको एमडिजीको प्रगति प्रतिवेदन २०१० मा उल्लेख छ ।

दक्षिण एसियाका देशहरूले पाँच वर्षमुनीका बालबालिकाको मृत्युदरमा कमी ल्याउन यस क्षेत्रका सरकारले नवजात शिसुको मृत्युदरलाई कम गर्न सकेको भए अझ प्रगति गर्न सकिने सम्भावना थियो । "नवजातको मृत्यु सबैभन्दा बढी हुने गरिरहेको (६९ प्रतिशत) छ र यसमा एक तिहाइले मात्र सुधार भएको छ । नेपालमा बालबालिकाको मृत्युलाई अझ कम गर्नका निम्ति नवजात र शिसुको स्याहारमा बढी ध्यान दिनु आवश्यक छ," योजना आयोगको प्रतिवेदनमा भनिएको छ ।

नवजातको मृत्युसँग लड्ने नेपाल एक्लो राष्ट्र होइन । ल्यान्सेटको प्रतिवेदन अनुसार विश्वव्यापी रूपमा ३१ लाख नवजातको यसैवर्ष मृत्यु हुने अनुमान गरिएको छ । खोप कार्यक्रमले नेपालमा बाल मृत्युसँग लड्न ठूलो भूमिका खेलेको छ । "सन् २००६ मा दादुराको खोप लगाइएका एक वर्षका बालबालिका ९२.५ प्रतिशत रहेका थिए," आयोगले भनेको छ । यसले चार वर्ष अगावै ९० प्रतिशत लक्ष्य हासिल गरिसकेको देखाउँछ ।

यसअघिका प्रतिवेदनले सन् २०१० सम्ममा एक वर्षका बालबालिकामा खोप लगाउने कार्य १०० प्रतिशत हासिल हुने देखाएका थिए । तर, योजना आयोगको प्रगति प्रतिवेदनमा भनिएको छ, "सन् २००६ मा प्राप्त भएको ९० प्रतिशतको उपलब्धीलाई जोगाउन सरकारले सकेको छैन । १२ महिनाभन्दा कम उमेरका बालबालिकालाई दिइने दादुराको खोप सन् २००७/०८ मा ७९ प्रतिशतमा झरेको छ र वर्षेपिच्छे तलमाथि भइरहेको छ ।" त्यसपछिका नयाँ तथ्याङ्कहरू उपलब्ध हुन सकेका छैनन् ।

राष्ट्रिय योजना आयोगको प्रतिवेदनमा अगाडि भनिएको छ, "बालस्वास्थ्यको दृष्टिकोणबाट स्वास्थ्य सेवाले समेटेको क्षेत्र अवरोध र लगातारका बन्दले खुम्चिइरहेको छ, र यो समस्या खासगरी तराई क्षेत्रमा व्यापक छ ।"

तराई क्षेत्र सन् २००७ र २००८ मा राजनीतिक रूपमा ज्यादै अस्थिर रह्यो किनभने राजनीतिक समूहहरूले अलग्ग स्वायत्त राज्यको माग गरेका थिए । तर ईमा एकप्रदेशको राजनीतिक माग मधेशी जनअधिकार फोरमको विभाजनसँगै ओझेलमा परेको छ तर सशस्त्र समूहहरूको उदय भएको भएकाले कानुन व्यवस्थालाई कमजोर अवस्थामा पुऱ्याएको छ ।

राम्रैसँग प्रगति भए पनि नेपालले भौतिक र सहर-गाउँबीचको विभेद तथा पाँच वर्षमुनीका बालबालिकाको मृत्युदरलाई न्यून गर्न धेरै काम गर्न बाँकी छ । "ग्रामीण क्षेत्रको तुलनामा मृत्युदर सहरी क्षेत्रमा कम रहेको छ । ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रमा पाँच वर्षमुनीका बालबालिकाको मृत्युदर ३५.९ प्रतिशतले कमी रहेको छ । शिसु मृत्युदरमा समेत सहरी क्षेत्रमा ३६.६ प्रतिशतले कमी छ । क्षेत्रगत रूपमा समेत मृत्युदरमा विविधता रहेको छ । पहाडी क्षेत्रमा प्रति १,००० जीवित जन्ममा ६२ जनाको मृत्यु हुने गरेको छ भने हिमाली क्षेत्रमा यो १२८ छ," योजना आयोगको प्रतिवेदनमा उल्लेख छ ।

यसैगरी, क्षेत्रगत आधारमा समेत फरक स्थिति रहेको छ । मध्यपश्चिम क्षेत्रमा प्रति १,००० जीवित जन्ममा शिसु मृत्युदर ९७ रहेको र सुदूरपश्चिम क्षेत्रमा ७४ रहेको छ । "हामीले बालमृत्युदरमा एमडिजीको लक्ष्य हासिल गरेपछि क्षेत्रगत रूपमा देखिएका विभेदलाई सम्बोधन गर्नेतर्फ ध्यान दिनुपर्दछ," स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका पोखरेलले बताए ।

# चिनिया कारखानामा मजदूरको आत्महत्याका घटना बढे

– मीच मोक्सले

बेइजिङ (**आई.पी.एस्./एन्.पी.आई.**) – चीनको पूर्वी प्रान्त हेनानबाट आएका १९ वर्षीय कामदार मा जियाङक्विनले विश्वकै सबैभन्दा ठूलो सूचना प्रविधि सामग्री उत्पादन गर्ने फक्सकोन टेक्नोलोजीमा हप्ताका सात दिन ११ घण्टे रात्री समयमा इलेक्ट्रोनिक्स पार्ट जोडजाड गर्ने काम गरे ।

हरतरहले यो उनका निम्ति चित्तबुझ्दो काम थिएन । जनवरीमा मृत्यु हुनुअघि जियाङक्विनले ११२ घण्टा अतिरिक्त बाहेक २८६ घण्टा काम गरेको रेकर्डमा देखिएको थियो। यो वैधानिक काम गर्ने समयावधिभन्दा झण्डै तीनगुणा बढी थियो। ज्येष्ठ कामदार सदस्यसँग झगडा गरेको निहुँमा उनलाई एकतह घटुवा गरी शौचालय सफाईको काम दिइएको थियो ।

माको मृत्युलाई कम्पनी र प्रहरीले आत्महत्या गरेको ठहर गरेका थिए। उनको परिवारले माको हत्या भएको दाबी गरिरहेका छन्, यद्यपि प्रहरीले माप्रति गलत व्यवहार भएको कुनै प्रमाण फेला पार्न सकेको छैन ।

माको मृत्यु भइसकेपछि पनि सेन्झेनमा रहेका दुईवटा भवनमा अन्य १२ जना फक्सकोनका कामदार कर्मचारीले आत्महत्या गरिसकेका छन्। यस घटनाले फक्सकोन मात्र नभइ चीनका सबैजसो कारखानामा कार्यरत कामदार कर्मचारीको कार्यवातावरणप्रति चासो उत्पन्न गराएको छ ।

“चीनको कार्यवातावरणलाई म दुःखदायी भन्न रुचाउँछु,” श्रमिक अधिकारकर्मी झियाओ किनसाङले आईपीएसलाई बताए। “सबैभन्दा जटिल काम गर्नेहरूले नै कम आम्दानी गर्ने प्रवृत्ति समेत चीनमा हावी रहेको पाइनु अर्को आश्चर्य हो ।” फक्सकोनमा कम तलब दिइने, दैनिक १२ घण्टा काम गर्न लगाइने र व्यवस्थापकबाट नियमित रूपमा गालीगलौज गर्ने चलन रहेको झियाओ बताउँछन्। फक्सकोनका कामदार र आत्महत्या गर्ने व्यक्तिका परिवारसँग लिएको अन्तर्वार्ता उद्धृत गर्दै झियाओले मजदूरले कारखानामा काम थाल्नुअघि प्रवेश शुल्कको नाममा २०,००० रेनमिन्बी (करिब ३,००० अमेरिकी डलर) कारखानालाई बुझाउनु पर्ने बताए ।

कम्पनीद्वारा यसै हप्ता जारी विज्ञप्तिमा पछिल्ला आत्महत्याहरू तलबसँग सम्बन्धित नभइ व्यक्तिगत समस्या र आर्थिक लालचका कारण भएको जनाएको छ । कम्पनीका अर्बपति अध्यक्ष टेरी गुओले कम्पनीका लगानीकर्ता सदस्यलाई कम्पनीले कुनै कानुन उल्लङ्घन नगरेको बताएका छन्। “मैले कुनै गैरकानुनी काम गरेको भए उनीहरूले मलाई पहिल्यै थुनिसक्थे,” फक्सकोनको मुख्य उत्पादक कम्पनी होन हाई प्रेसिजन इन्डस्ट्रिजको वार्षिक सेयरहोल्डर बैठकमा गुओले भने। “मेरो कम्पनी, मेरो कारखानाको अवलोकन गर्न र पूर्णरूपमा अनुसन्धान गर्न म विश्वको ध्यान आकर्षित गर्न चाहन्छु ।”

कम्पनीले आफ्नो विज्ञप्तिमा कतिपय कामदारले आफ्ना परिवारका सदस्यका निम्ति कम्पनीबाट राम्रो आर्थिक क्षतिपूर्ति पाइने लोभमा परेर आत्महत्या गरिरहेको दाबी गरेको छ। फक्सकोनले मृत्यु भएका श्रमिकका परिवारका सदस्यलाई सरकारी नियम बमोजिम राहत दिने जनाएको छ ।

फक्सकोनले एप्पल, सोनी, मोटोरोला र अन्य प्रमुख विश्वव्यापी ब्रान्डसँग सम्झौता गरेको छ । एप्पलका प्रमुख कार्यकारी स्टिभ जब्सले गतहप्ता आत्महत्याका घटना दुःखदायी रहेको टिप्पणी गरेका थिए। अमेरिकाका सबैभन्दा ठूला कम्प्युटर उत्पादक हेउलिट-प्याकर्ड र डेल कम्पनीले फक्सकोनको कार्यवातावरण जाँच गर्न लागेको बताएका छन् ।

निरन्तरको आत्महत्याको प्रतिक्रिया दिँदै कम्पनीले कर्मचारीको तलबमा २० प्रतिशत वृद्धि गर्ने घोषणा गरेको छ र आफ्ना ४२०,००० कर्मचारीलाई परामर्श सेवा प्रदान गर्न लागेको छ । यसले दक्षिण-पूर्वी चीनको ग्वाङदोङ प्रान्तस्थित लोन्गुवामा रहेको औद्योगिक क्षेत्रमा आत्महत्या प्रतिरोधी जालो निर्माण गर्न लागेको जनाएको छ । श्रमिक अधिकारकर्मी झियाओले तलब वृद्धि राम्रो आरम्भ भएको बताउँछन् तर फक्सकोनका व्यवस्थापकले श्रमिकमाथि जनावरको जस्तो नभइ मानवताको व्यवहार प्रदर्शन गर्न आग्रह गरेका छन् ।

बेइजिङस्थित अर्थशास्त्र तथा व्यापार सम्बन्धी क्यापिटल युनिभर्सिटीका श्रमविज्ञ जी साओले कारखानाका मजदूरको ज्याला चीनभर वृद्धि गर्नुपर्ने अवस्था आइसकेको र फक्सकोनले दिइआएको मासिक २,००० रेनमिन्बी (२९३ अमेरिकी डलर) तलब ज्यादै न्यून रहेको बताउँछिन् ।

“फक्सकोनसँग सम्बन्धित धेरै प्रतिवेदनको मैले अध्ययन गरेको छु र तीमध्ये सबैजसोले उही कुरा भनेका छन्: त्यहाँ कार्यरत मजदूरले आफूहरू मेसिनजस्तो भएर काम गरिरहेका छौं,” जीले बताइन् । मजदूरले बढी कमाउनका निम्ति अतिरिक्त समय काम गर्ने इच्छा राख्दासम्म कम्पनीहरूले सरकारले तोकेको न्यूनतम ज्याला दिनु आवश्यक छ, जी भन्छिन्, “एक सेन्ट बढी पनि उनीहरू श्रमिकलाई भुक्तानी गर्न तयार छैनन् ।”

तर उनी यो समस्या मजदूरको नयाँ पुस्तासँग पनि सम्बन्धित रहेको बताउँछिन् । आजका श्रमिकहरू अधिकाँश सन् १९८० र १९९० को दशकमा जन्मेका छन् र उनीहरू पुरानो पुस्ताजस्तो कठिन काम गर्न रुचाउँदैनन् । “उनीहरूका कम बालबच्चा छन्, उनीहरू केही पढेका छन् र कृषि काम गर्न गाउँ जाने परिस्थितिमा समेत छैनन् । तर उनीहरूमा तालिमको कमी रहेको अवस्थामा सहरमा उपलब्ध राम्रा काम उनीहरूले पाउन मुश्किल हुन्छ । यससँगै धनी-गरिबबीचको खाडलका कारण उनीहरूले आफूहरूलाई नराम्रो ढङ्गबाट व्यवहार गरिएको अनुभव गरिरहेका छन् । त्यसर्थ उनीहरूमा जेसुकै गर्न अग्रसर हुने जोखिम हुन्छ,” जीले आईपीएससँग भनिन् ।

चीनको श्रम कानुन उल्लङ्घन गर्ने प्रवृत्ति हावी भएको र श्रमिकमाथि ज्यादै न्यून संरक्षणको व्यवस्था रहेको जी बताउँछिन् । औद्योगिक सहर ग्वाङदोङ प्रान्तस्थित डोङ्गुआनको गतवर्ष भ्रमण गर्दा जी र उनको टोलीले ८० प्रतिशत कम्पनीले श्रम कानुन मिचेको पाइएको बताइन् । धेरैवटा कम्पनीले श्रमिकसँग सम्झौतापत्रमा हस्ताक्षर गर्न अस्वीकार गरेको र न्यूनतम ज्याला समेत नदिएको अवस्था भेटिएको थियो ।

झियाओले चीनको श्रम कानुन निरर्थक रहेको र यो देखावटी मात्र रहेको बताए । “स्थानीय सरकारले आफ्नो अर्थव्यवस्थालाई सुरक्षित र संरक्षित गर्न मात्र यसको प्रयोग गरिरहेका छन् तर श्रमिकको हितलाई प्रत्याभूति गर्नेतर्फ कसैले ध्यान दिएको छैन ।”

नेपाल प्रेस इन्स्टिच्युटद्वारा प्रकाशित/सम्पादकः चिरञ्जीवी खनाल/ठेगानाः हुलाक मञ्जूषाः ४१२८, थापाथली, काठमाडौँ,
फोन नं. ४-२६४१५५, ४-२६६४१८ फ्याक्स नं. २६४१५४, ई-मेलः npiktm@wlink.com.np

बाट : नेपाल प्रेस इन्स्टिच्यूट
थापाथली–७०७ प्रशुतिगृह मार्ग
पोष्ट बक्स नं. ४१२८, काठमाडौँ, नेपाल
फोन नं. ४-२६४१५५, ४-२६६४१८
फ्याक्स नं. २६४१५४

लाई :